


# पारदर्शिताका लागि स्थानीय तहमा सूचनाको हक

**गोरखापत्र समाचारदाता**

काठमाडौँ, असार ६ गते। सूचनाको हकका अभियन्ताहरूले स्थानीय तहको निर्वाचनमा महिलाको प्रतिनिधित्व सुनिश्चित हुने भए पनि काम गर्ने वातावरण नबने महिलाको उपस्थिति देखाउनलाई मात्र सीमित हुने बताउनुभएको छ।

राष्ट्रिय सूचना आयोग तथा मानव अधिकार सञ्चार प्रतिष्ठान नेपालको संयुक्त आयोजनामा मङ्गलवार यहाँ आयोजित 'स्थानीय तह निर्वाचन : महिला नेतृत्वमा सूचनाको हक' विषयक अन्तर्क्रियामा वक्ताहरूले त्यस्तो चिन्ता व्यक्त गर्नुभयो। महिला प्रायः उपप्रमुख वा सदस्यमा सीमित गरिएकाले भोलिका दिनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने कुरामा धेरैले आशङ्का व्यक्त गर्नुभयो।

संसद्को विकास समितिका सभापति तथा एमालेका नेता रवीन्द्र अधिकारीले नेतृत्वदायी भूमिका महिलाले निर्वाह गर्न सक्दैनन् भन्नुभन्दा पनि सञ्चारमाध्यमले महिलाका निम्ति काम गर्ने उपयुक्त वातावरण निर्माणमा दवाब सिर्जना गर्नुपर्ने बताउनुभयो। महिलालाई उत्प्रेरित गर्नसके पुरुषले गर्नसक्ने काम महिलाले सजिलै गर्नसक्ने उहाँले चर्चा गर्नुभयो।

काठमाडौँ महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले महिलाका निम्ति पुरुषले काम गरेनन्, सहयोग गरेनन् भन्दा पनि महिलाले आफै नेतृत्वका लागि आफूलाई सक्षम बनाउनुपर्ने बताउनुभयो। महिलाको सहयोगी पुरुष भएको तर महिलाको विरोधी महिला नै भएको उहाँले टिप्पणी गर्नुभयो।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटाले स्थानीय तहको कामलाई पारदर्शी बनाउन सूचना हकको उपयुक्त प्रयोगको आवश्यकता औँल्याउनुभयो। स्थानीय निकायमा सूचनाको हक प्रयोग गर्ने समिति गठन गरेर काम गर्न उहाँले सुझाव दिनुभयो। उहाँले महिला मतदाता शिक्षाका विषयमा सञ्चारमाध्यमले लेख्न नसकेको भन्दै उहाँले महिलाले मतदान गर्दा धेरै मत बदर भएको बताउनुभयो।

कार्यपत्र प्रस्तुत गर्दै मानव अधिकार सञ्चार प्रतिष्ठान नेपालका अध्यक्ष अमृता लम्सालले स्थानीय तहको निर्वाचनबाट करिब ४१ प्रतिशत महिला निर्वाचित भएर आउने देखिए पनि नेतृत्वदायी पदमा महिला नरहेकाले फेरि पनि पुरुषकै वर्चस्व रहन सक्ने बताउनुभयो। महिलाले महिलाका निम्ति काम गर्ने उचित वातावरण निर्माणका लागि सञ्चारमाध्यमले भूमिका निर्वाह गर्नुपर्ने उहाँले बताउनुभयो।

प्रमुख सूचना आयुक्त बास्कोटाको सभापतित्वमा भएको कार्यक्रममा सूचना आयुक्तद्वय किरणकुमार पोखरेल र यशोदा तिम्सिना, आयोगका सचिव यामकुमारी खतिवडालगायतले सूचना हकको प्रयोगले समाजलाई पारदर्शी र जिम्मेवार बनाउने भएकाले स्थानीय तहमा त्यसको बढी प्रयोगको खाँचो रहेको बताउनुभयो।